नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः३, असार २६ गते, २०८० साल

सिद्धलेक गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग १

## सिद्धलेक गाउँपालिका शिक्षा(तेस्रो संशोधन)ऐन, २०८०

गाउँसभा बाट स्विकृत मितिः २०८०।०३।२५

सिद्धलेक गाउँपालिका

**१) सङ्क्षिप्त नाम तथा प्रारम्भः** यस ऐनको नाम सिद्धलेक गाउँपालिका शिक्षा(तेस्रो संशोधन)ऐन २०८० रहेको छ।

**२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।**

३) सिद्धलेक गाउँपालिका शिक्षा ऐन २०७५ लाई संसोधन गर्न बनेको ऐन २०७७ र संशोधित ऐन २०७९ लाई परिमार्जन गर्न वाच्छनीय भएकोले गाउँ सभाले यो परिवर्तित ऐन २०८० जारी गरेको हो

४) सिद्धलेक गाउँपालिका शिक्षा ऐन २०७५ लाई संसोधन गर्न बनेको ऐन २०७७ र संशोधित ऐन २०७९ मा समेत भएको परिच्छेद ४ को दफा १५)लाई देहाय बमोजिम संशोधन गरिएको छ :

१५)गाउँ शिक्षा समिति

१)गाउँ पालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय रेखदेख समन्वय र व्यवस्थापन गर्न देहाय बमोजिम गाउँ शिक्षा समिति गठन गरिनेछ :

क) गाउँपालिका अध्यक्ष संयोजक

ख)वडा अध्यक्षहरु मध्येबाट अध्यक्षबाट मनोनित १ जना सदस्य

ग) गाउँ पालिकका महिला तथा दलित सदस्यबाट अध्यक्षले मनोनित १ जना सदस्य

घ) सामुदायिक विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुमध्ये एकजना महिला पर्ने गरी अध्यक्षबाट मनोनित २ जना सदस्य

ङ)) सामुदायिक विद्यालयका अध्यक्षहरु तथा शिक्षक अभिभावक संघका अध्यक्षमध्ये अध्यक्षबाट मनोनित १ जना सदस्य

च) शिक्षासेवी तथा बुध्दिजीवीबाट अध्यक्षले मनोनयन गर्ने २ जना सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

**परिच्छेद ५**

दफा २० को उपदफा १ हटाइ त्यसको सट्टामा देहाय अनुसार व्यवस्था गरिएको छ :

२०) सामुदायिक विद्यालय व्यवस्थापन, रेखदेख, नियन्त्रण, नियमनसमेत गर्न देहाय अनुसार विद्यालय व्यवस्थापन समिति गठन गरिनेछ :

१.क) सम्वन्धित विद्यालयका अभिभावकहरु मध्येबाट अभिभावक भेलाबाट छानिएका १ महिलासमेत ३ जना सदस्य

ख) गाउँ शिक्षा समितिका अध्यक्षले सम्बन्धित विद्यालय रहेको समुदायबाट मनोनयन गरी पठाएका १ महिला समेत ४ जना सदस्य

ग) विद्यालयका प्रधानाध्यापक सदस्य सचिव

घ) सम्बन्धित वडाका वडा अध्यक्ष वा निजले तोकेका प्रतिनिधि सदस्य

ङ) सम्बन्धित क्षेत्र हेर्ने शिक्षा अधिकारी,स्रोत व्यक्ति,शिक्षक अभिभावक संघका अध्यक्ष, सम्बन्धित विद्यालयका शिक्षक बैठकबाट छानिएका एक शिक्षक प्रतिनिधि समेत आमन्त्रित सदस्य

दफा २० को उपदफा ३ हटाइ त्यसको सट्टामा देहाय अनुसार व्यवस्था गरिएको छ :

३) विद्यालय व्यवस्थापन समितिका -आमन्त्रित बाहेक) सदस्यहरुले आफू मध्येबाट छानेका कुनै एक व्यक्ति अध्यक्ष ।

सिद्धलेक गाउँपालिका